# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२ ) काठमाडौं, चैत ३० गते २०४६ साल ( संख्या ५२

## भाग ३

श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी मित्रराष्ट्रहरूबाट प्राप्त तयारी पोशाकहरूको कोटा तयारी पोशाक उद्योगहरूलाई वितरण भएपछि एक अर्को उद्योगलाई हस्तान्तरण वा कुनै कोटा पाएका उद्योगसंग सट्टा पट्टा वा एक कोटा क्याटोगोरीबाट अर्को कोटा क्याटोगोरीमा सट्टा पट्टा गर्न नपाउने निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
दुर्गाप्रकाश पाण्डेय
श्री ५ को सरकारको सचिव

१०५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४६।१२।१२ को निर्णयानुसार विभूषण नियमावली, २०४८ को नियम ४६ को उपनियम (३) को प्रयोजनको लागि खण्ड १८ अतिरिक्तांक २७ मिति २०२५।६।३० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको सूचनामा तोकिए बमोजिम नै देहायका स्थानहरूलाई दुर्गम स्थान तोकिएको छ।

तपसिल

| अञ्चल | जिल्ला | दुर्गम स्थान |
|---|---|---|
| महाकाली | दार्चुला | व्यास गोर्खा (व्यास ऋषि हिमालदेखि उत्तरी अक्षांशको इलाका) |
| सेती | बझाङ | धुली र सो देखि उत्तरी अक्षाँशको इलाका |
| कर्णाली | १ हुम्ला | हुम्ला जिल्ला |
| | २ मुगु | मुगु दरा |
| | ३ डोल्पा | डोल्पा जिल्ला |
| धौलागिरी | मुस्ताङ | जोमसोम र सो भन्दा उत्तरी अक्षाँशको इलाका |
| गण्डकी | १ मनाङ | मनाङ भोट इलाका |
| | २ गोर्खा | लार्के र कुताङ भोट इलाका |
| वागमती | १ धादिङ | सियार भोट इलाका |
| | २ रसुवा | टिमुरे र सो देखि उत्तरी अक्षाँशको इलाका |
| जनकपुर | दोलखा | लामा बगर सो देखि उत्तरी अक्षाँशको इलाका |
| सगरमाथा | सोलुखुम्बु | १ थामि र सो देखि उत्तरी अक्षाँशको इलाका |
| | | २ थाङवोचे र सो देखि उत्तरी अक्षाँशको इलाका |
| कोशी | संखुवासभा | हटिया, चेपुवा र थुदाम इलाका |
| मेची | ताप्लेजुङ | घुन्सा र ओलाङचुङगोला इलाका। |

आज्ञाले,
भोजराज पोखरेल
श्री ५ को सरकारको का.मु. सचिव

१०९८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४६।१०।१ को निर्णयानुसार आपूर्ति मन्त्रालयका उपसचिव श्री लवकुमार देवकोटाको पदाधिकार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा राखी वाणिज्य विभागको महानिर्देशक पदमा का. मु. मुकरर गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४६।१०।१२ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तर सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका श्री तुलसीप्रसाद भट्टराईलाई सोही सेवा, श्रेणी र स्तरको पदमा गृह मन्त्रालय वा अन्तर्गत सरुवा गरेको छ ।

### सूचना ३

श्री ५ को सरकारले मिति २०४६।१०।१६ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तरका देहायका अधिकृतहरूलाई देहाय बमोजिम सरुवा गरेको छ ।

| क्र.सं. | नामथर | साबिक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री चन्द्रबहादुर कार्की | उपसचिव, गृह मन्त्रालय । | राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तर सामान्य प्रशासन मन्त्रा-को अतिरिक्त समूह । |
| २. | श्री रेवतीरमण नेपाल | " | " " |
| ३. | श्री खोमराज नेपाल | " | " " |

### सूचना ४

श्री ५ को सरकारले मिति २०४६।११।४ को निर्णयानुसार वाणिज्य विभागका उपनिर्देशक श्री थानेश्वरप्रसाद कोइरालालाई राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तरको पदमा श्रम मन्त्रालय वा अन्तर्गत सरुवा गरेको छ ।

आज्ञाले,
विष्णुप्रसाद खत्री
सहसचिव

१०३०



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।